प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

☏: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

**नवीनतम सोच सहितका उत्पादन तथा रोजगार कार्यक्रम कार्यान्वयन गर्न इच्छुक लुम्बिनी प्रदेशस्तरीय कार्यक्षेत्र भएका सहकारी संस्था तथा संस्थाका सदस्यहरुबाट प्रस्ताव आव्हान गरिएको सूचना।**

प्रथम पटक प्रकाशन भएको मितिः २०७८/११/२४

यस मन्त्रालयको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लामा रहेका बहुउद्देश्यीय, वा कृषि तथा पशुपंक्षीसँग सम्वन्धित काम गर्ने सहकारी संस्था तथा संस्थाका सदस्यहरुमध्ये सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ को दफा ४ बमोजिमका नवीनतम सोच सहितको उत्पादन तथा रोजगार कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी संस्था तथा सदस्यहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस मन्त्रालय वा सहकारी प्रशिक्षालय नेपालगञ्ज, बाँके वा घरेलु तथा साना उद्योग कार्यालय दाङमा तोकिए बमोजिमको ढाँचामा व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति मितिः-२०७८/११/१५

# सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावनाः** प्रदेशमा सहकारी क्षेत्रले अर्थतन्त्रमा उल्लेख्य योगदान दिँदै आएकोमा यस क्षेत्रलाई अझ परिष्कृत बनाउन आवश्यकता महसुस गर्दै सहकारीहरु मार्फत् सिर्जनशील तरिकाले सञ्चालन गर्ने व्यवसायिक योजनाको माग गरी मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सहकारी मार्फत नवीनतम सोच सहितको उत्पादन र रोजगार कार्यक्रम मार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै उत्पादनमा आधारित कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम नवीनतम सोच सहितका कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राहीलाई प्रदान गरिने रकम सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले प्रदेशभित्रका सहकारी संस्था/सहकारी संघ तथा संस्थाका सदस्य समेतलाई सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ सम्झनु पर्छ।

(घ) "नवीनतम सोच सहितका कार्यक्रम" भन्नाले सहकारीहरु मार्फत परम्परागत पेशा व्यवसायलाई आधुनिकीकरण तथा प्रविधिमैत्री बनाई सिर्जनशील तरिकाले उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने दफा ४ बमोजिमका कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "विशिष्टीकृत सहकारी संघ" भन्नाले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम स्थापना भएको सहकारी संघलाई सम्झनु पर्छ।

(ज) "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम स्थापना भएका विषयगत वा बहुउद्देश्यीय सहकारी र विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ वा प्रदेश सहकारी संघ समेतलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **<u>कार्यक्रमका उद्देश्यः</u>** यस कार्यविधि बमोजिमका कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) सहकारी क्षेत्रको पूँजीलाई नवीनतम सोच सहितका उद्यम मूलक परियोजना तथा कार्यक्रममा लगानी गर्न उत्प्रेरित गर्ने,

(ख) सहकारीमार्फत् कृषि तथा कृषिजन्य, पशु तथा पशुजन्यका साथै वनजन्य पदार्थको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुऱ्याउने,

(ग) रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने,

(घ) नवीनतम सोच र प्रविधिको प्रयोग गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गरी उत्पादकत्व बढाउन उत्प्रेरित गर्ने,

(ङ) व्यक्तिको अन्तरनिहीत क्षमता वा सीपको सदुपयोग गर्ने वातावरण सिर्जना गर्ने,

(च) समुदायमा रहेको परम्परागत ज्ञान, सीप, क्षमताको पहिचान तथा अधिकतम प्रयोग गर्नुका साथै समुदायमा रहेको सिर्जनशीलतालाई संस्थागत गरी रोजगारी सिर्जना गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने,

(छ) जल, जमिन लगायतका प्राकृतिक स्रोतको उपयोगको वातावरण सिर्जना गरी र पर्या-पर्यटन लगायतका क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्ने।

४. **<u>नवीनतम सोच सहितका कार्यक्रमः</u>** यस कार्यविधि बमोजिम नवीनतम सोच सहितका देहाय कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गरिनेछः-

(क) सहकारी क्षेत्रको पूँजीलाई नवीनतम सोचका उद्यम मूलक परियोजना तथा कार्यक्रम,

(ख) सहकारीमार्फत् कृषि तथा कृषिजन्य, पशु तथा पशुजन्यका साथै कृषि वनजन्य पदार्थको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुऱ्याउने परियोजना तथा कार्यक्रम,

(ग) रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने परियोजना तथा कार्यक्रम,

(घ) नवीनतम सोच र विधिहरुको प्रयोग गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गर्ने परियोजना तथा कार्यक्रम,

(ङ) व्यक्तिमा अन्तरनिहीत क्षमता वा सीपको सदुपयोग गर्ने परियोजना तथा कार्यक्रम,

(च) समुदायमा रहेको परम्परागत ज्ञान, सीप, क्षमताको पहिचान तथा अधिकतम प्रयोग गर्नुका साथै समुदायमा रहेको सिर्जनशीलतालाई संस्थागत गरी रोजगारी सिर्जना गर्ने परियोजना तथा कार्यक्रम,

(छ) जल जमिन लगायतका प्राकृतिक स्रोतको उपयोग गरी वातावरणमैत्री तथा पर्या-पर्यटन लगायतका क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्ने परियोजना तथा कार्यक्रम,

(ज) निर्देशक समितिले निर्णय गरेका अन्य नवीनतम सोचमा आधारित कार्यक्रम तथा परियोजना।

## परिच्छेद–२

## अनुदानको सीमा तथा कार्यक्रम सञ्चालन विधि

५. **अनुदानको सीमाः** यस कार्यविधि बमोजिम सञ्चालन तथा कार्यान्वयन गरिने परियोजना तथा कार्यक्रमका लागि छनौंट भएका अनुदानग्राहीलाई प्रस्तावित कार्ययोजना बमोजिम देहाय बमोजिमको अनुदान उपलब्ध गराउन सकिनेछः-

(क) संस्थाको सदस्यको हकमा कुल लागत अनुमानको ५० प्रतिशतसम्म वा अधिकतम २ लाखसम्म,

(ख) संस्था आफैले कार्यान्वयन गर्ने हकमा कूल लागतको ५० प्रतिशतसम्म वा अधिकतम १० लाखसम्म।

६. **प्रस्ताव आव्हान तथा सूचना प्रकाशनः** यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले प्रदेशभित्रका राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ को ढाँचामा कम्तीमा १५ दिनको म्याद दिई सहकारी संस्थालाई प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नेछ।

७. **प्रस्ताव पेश गर्नुपर्नेः** (१) दफा ६ बमोजिमको सूचनामा तोकिएको समय र शर्तको अधीनमा रही प्रस्तावदाताले मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय/निकायमा अनुसूची-२ बमोजिमको निवेदनका साथ देहायका कागजात संलग्न गरी प्रस्ताव पेश गर्न सक्नेछन्ः-

(क) अनुसूची-३ बमोजिमको ढाँचामा व्यवसायिक योजना र अनुसूची-४ बमोजिमका कागजात,

(ख) संस्थाले आफै वा आफ्ना सदस्यहरुले सञ्चालन गर्ने परियोजना तथा कार्यक्रमको हकमा प्रचलित कानून बमोजिम कुनै निकायको पूर्व अनुमति लिनुपर्ने भए सम्बन्धित निकायबाट त्यस्तो अनुमति लिएको प्रमाण,

(ग) संस्थाका सदस्यहरु मार्फत् गरिने परियोजना तथा कार्यक्रमको हकमा त्यस्ता सदस्यहरुको प्रतिवद्वता पत्र र सदस्यहरु आबद्ध भएको सहकारी संस्थाको प्रतिबद्धता पत्र,

(घ) संस्थाको आफ्नो कार्यक्षेत्र, सदस्य संख्या र कारोबारको अवस्था स्पष्ट हुने कागजात तथा विगत तीन आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

तर नयाँ दर्ता भएका सहकारी संस्थाको हकमा कम्तीमा एक आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) प्रस्ताव साथ सञ्चालक समितिका सदस्य तथा प्रमुख व्यवस्थापकको ब्यक्तिगत विवरण एवम् प्रतिवद्वता पत्र,

(च) कार्यक्रममा सहभागी हुनको लागि संस्थाको सेयर सदस्य संख्या क्रमशः तराईको हकमा कम्तीमा २०० जना र पहाडको हकमा कम्तीमा १०० जना भएको प्रमाण,

तर विशिष्टिकृत सहकारी संघको हकमा यो प्रावधान लागू हुने छैन।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं. उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

८. **<u>प्रस्तावको छनौट विधिः</u>** (१) मूल्याङ्कन समितिले दफा ७ बमोजिम पेश भएको प्रस्तावको आधारमा देहाय बमोजिम प्रस्तावदाता छनौंट गर्नेछः-

(क) संस्थाको प्रस्तावित कार्ययोजना बमोजिम नवीनतम सोच सहितको कार्यक्रमसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित भएको,

(ख) बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको,

(ग) व्यवसायिक कार्ययोजनामा प्रस्तावित परियोजना तथा कार्यक्रमको क्षेत्रगत एवम् नवीनतम सोच र प्रविधियुक्त आयोजनामध्येबाट सम्भाव्य प्राथमिक सूची छनौट गरी उद्देश्यसँग मेल खाने नखाने,

(घ) अनुदानग्राहीको संस्थाको कार्यक्षेत्र, सदस्य संख्या, कारोवारको अवस्था, व्यवसायिक योजना, मौजुदा जनशक्ति, कारोबारले समेट्ने क्षेत्र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ङ) थप रोजगारी सिर्जनाको सम्भाव्यता,

(च) विगत दुई आर्थिक वर्षभित्र सोही प्रकृतिको अनुदान प्राप्त नगरेका संस्था,

(छ) मन्त्रालयले तोकेका अन्य आधारहरु।

(२) न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक छनौंटमा परेका सम्भावित प्रस्तावकहरुको आवश्यकता अनुसार मूल्याङ्कन समितिले स्थलगत अनुगमन तथा निरीक्षण समेत गर्न सक्नेछ।

(३) अनुगमन तथा निरीक्षणको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन स्थलहरु प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको अवस्थामा सो प्रस्ताव रद्द गरी प्राथमिकताका आधारमा अन्य प्रस्तावदाता छनौंट गर्न सकिनेछ।

९. **सम्झौता सम्बन्धी व्यवस्थाः** (१) निर्देशक समितिबाट स्वीकृत भएका प्रस्तावदातालाई मन्त्रालयले सात दिनको समयावधि दिई सम्झौता गर्नका सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समयाविधिभित्र प्रस्तावदातासँग मन्त्रालयले अनुसूची-५ बमोजिम सम्झौता गर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरु थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर तोकिएको समयभित्र सम्झौता गर्न आउन नसक्ने कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी मन्त्रालयमा पूर्व सूचना दिएमा निर्देशक समितिको लिखित निर्णयको आधारमा सम्झौता गर्न आउने अवधि थप गर्न सकिनेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिम सम्झौता भएका संस्थालाई कार्यप्रारम्भ गर्न कार्यादेश दिनेछ।

## परिच्छेद–३

## अनुदानको रकम खर्च गर्ने क्षेत्र तथा भुक्तानी प्रक्रिया

१०. **अनुदान रकम खर्च गर्न पाइने क्षेत्रः** (१) अनुदानग्राहीले मन्त्रालयबाट प्राप्त अनुदान देहायका क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार,

(ख) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रविधियुक्त यन्त्र उपकरण, मेशीनरी औजार खरिद तथा सोको जडान,

(ग) संस्थाको पूँजी निर्माणमा सहयोग पुग्ने पूँजीगत खर्चका क्षेत्रहरु,

(घ) प्रचलित कानूनले तोकेका अन्य प्रकृतिका पूँजीगत खर्चका क्षेत्रहरु।

(२) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा देहायका क्षेत्रमा अनुदान खर्च गर्न पाइने छैनः-

(क) परियोजना तथा कार्यक्रमका लागि जग्गा खरिद गर्न,

(ख) घर जग्गा भाडा तथा लिजमा लिइएकोमा सोको भाडा खर्च,

(ग) श्रमिक तथा कामदारको पारिश्रमिक तथा ज्याला,

(घ) संस्थाको प्रशासनिक तथा चालू प्रकृतिका खर्चका क्षेत्र,

११. **अनुदान रकम भुक्तानी प्रक्रियाः** (१) मन्त्रालयले अनुदान रकमको भुक्तानी गर्दा कार्यसम्पन्नताका आधारमा बढिमा दुई किस्तामा भुक्तानी गर्नेछ।

(२) अनुदानग्राही मन्त्रालयमा भुक्तानी माग गर्दा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रममा भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइन, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता प्रतिवेदन तथा सोका सक्कल बिल भरपाईहरु,

(ख) परियोजना तथा कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको सक्कल बिल भरपाईहरु,

(ग) परियोजना तथा कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरु,

(घ) संस्थाले परियोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) संस्थाले अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(ज) सम्झौतामा उल्लिखित तथा मन्त्रालयले तोकेका अन्य कागजातहरु।

(३) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टि हुने भएमा उक्त रकम कट्टि गरी भुक्तानी गर्नेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिम पेश भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम अनुदानको सीमाभित्र रही भुक्तानी गर्नेछ।

(५) मन्त्रालयले भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-४

## समिति सम्वन्धी व्यवस्था

१२. **निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) सचिव, मन्त्रालय | सदस्य |
| (घ) अध्यक्षले तोकेको विषय क्षेत्रगत सम्बन्धित मन्त्रालयको सचिव | सदस्य |
| (च) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधार तथा मापदण्ड स्वीकृत गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिवाट पेश भएका प्रस्ताव स्वीकृत गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समिति तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा अनुगमन गर्ने गराउने,

(च) कार्यविधिका सम्बन्धमा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालयमा सिफारिस गर्ने।

(३) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **कार्यक्रम व्यवस्थापन समिति**: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) प्रमुख, सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (घ) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको अध्ययन गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) आवश्यकता तथा औचित्यताका आधारमा अनुदानको रकमको सीमा निर्धारण गरी निर्देशक समिति समक्ष प्रस्ताव सिफारिस गर्ने,

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित अस्वीकृत गर्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउने,

(ङ) कार्यक्रमको आवश्यकताका आधारमा अनुगमन तथा निरीक्षणका लागि टोली खटाउने।

(४) कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **मुल्याङ्कन समितिः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि प्रस्तावदाताबाट पेश भएका प्रस्तावहरुको मूल्याङकन गरी छनौंटको लागि कार्यक्रम व्यवस्थापन समितिमा सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | अध्यक्ष |
| (ख) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |

(घ) कानून अधिकृत, मन्त्रालय — सदस्य

(ङ) अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय — सदस्य

(च) अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय — सदस्य

(छ) अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय — सदस्य

(ज) प्रमुख, सहकारी शाखा, मन्त्रालय — सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरु निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(ख) मन्त्रालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौंट तथा स्वीकृतिको लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(ग) मूल्याङ्कन गर्दा कार्यविधिको दफा ७ मा उल्लेख गरिएका आधार तथा स्वीकृत मापदण्ड समेतका आधारमा गर्ने,

(घ) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(४) मूल्याङ्कन समितिले यस कार्यविधिमा उल्लिखित व्यवस्थाका अतिरिक्त प्रचलित कानूनका व्यवस्था समेतका आधारमा प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

## परिच्छेद-५

## अनुगमन र विविध

१५. **अनुगमन समितिः** (१) मन्त्रालयले अनुदानग्राहीले कार्यान्वयन गर्ने परियोजना तथा कार्यक्रमको अनुगमन गर्न प्रदेश सरकार मातहतका सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कर्मचारी तथा पदाधिकारी रहने गरी संयुक्त अनुगमन समिति वा आवश्यकता अनुसार छुट्टा-छुट्टै कर्मचारी खटाई अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) मन्त्रालयले तोकेको अधिकृत कर्मचारी — संयोजक

(ख) जिल्लास्थित परियोजना/कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारका कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले

तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख — सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

(ङ) अध्यक्ष, जिल्ला सहकारी संघ — सदस्य

(च) मन्त्रालयले तोकेको सम्बन्धित महाशाखाको कर्मचारी — सदस्य

(३) मन्त्रालयले अनुगमन गर्दा उपदफा (२) बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित कार्यालय मार्फत सूचना दिनु पर्नेछ।

(४) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा गर्नु पर्नेछ।

(५) अनुगमन समितिले अनुदानग्राहीले सञ्चालन गरेको परियोजना तथा कार्यक्रम एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्नेछ।

१६. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

१७. **कारवाहीको व्यवस्थाः** (१) अनुदानग्राहीले कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्दा यस कार्यविधि, मन्त्रालयको निर्देशन तथा सम्झौताका शर्त बमोजिम गर्नु पर्नेछ।

(२) अनुगमन समितिले दिएका निर्देशन तथा प्रचलित कानूनका व्यवस्थाको पालना गर्नु पर्नेछ।

(३) अनुगमन क्रममा सम्झौता बमोजिम नभएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

(४) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा वा सम्झौता बमोजिम कार्यान्वयन नगरेमा वा मन्त्रालय वा अनुगमन समितिले दिएका निर्देशनको पालना नगरेमा अनुदान रकम रोक्का गर्न सकिनेछ।

(५) अनुदान रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा त्यस्तो अनुदान रकम दुरुपयोग गर्ने संस्थाका पदाधिकारी तथा संस्थाका कर्मचारीको चल अचल सम्पत्ति समेतबाट सरकारी बाँकी सरह मानी असूल उपर गरिनेछ।

१८. **<u>सार्वजनिक सुनुवाई गर्नुपर्नेः</u>** अनुदानग्राहीले यस कार्यक्रमबाट प्राप्त अनुदानको रकम सम्बन्धमा प्रचलित कानूनले तोकेको विधि बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

१९. **<u>होर्डङ्ग बोर्ड राख्नुपर्नेः</u>** अनुदानग्राहीले परियोजना तथा कार्यक्रमका लागि मन्त्रालयबाट प्राप्त हुने अनुदान रकम तथा परियोजना तथा कार्यक्रमका विवरण समावेश गरी कार्यान्वयन स्थलमा सबैले देख्न सक्ने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

२०. **<u>बाधा अड्काउ र कार्यविधिको व्याख्याः</u>** यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ र कार्यविधिको व्याख्याको सम्बन्धमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

२१. **<u>लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) अनुदान रकम प्राप्त गरी सकेपछि तीन वर्षसम्मको वार्षिक कारोवारको लेखा परीक्षणको प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पौष मसान्तसम्म पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा मन्त्रालयबाट प्राप्त अनुदानको विवरण समावेश भएको हुनु पर्नेछ।

२२. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोहि बमोजिम हुनेछ।

२३. **<u>अनुसूची हेरफेरः</u>** यस कार्यविधिमा उल्लेखित अनुसूचीहरुमा मन्त्रालयले आवश्यकताको आधारमा हेरफेर र थपघट गर्न सक्नेछ।

२४. **<u>खारेजी र बचाउ</u>** : (१) प्रदेश सरकारको साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

## (दफा ६ सँग सम्बन्धित )

**<u>प्रस्तावमा आव्हानको सूचना</u>**

प्रथम पटक प्रकाशन भएको मितिः

यस मन्त्रालयको आ.व. ....... को वार्षीक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लामा रहेका बहुउद्वेश्यीय वा कृषि तथा पशुपंक्षीसँग सम्वन्धित काम गर्ने सहकारी संस्थाहरुबाट निम्न बमोजिमको नवीनतम सोचसहितको रोजगारी तथा उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी सस्थाहरुले सूचना प्रकाशित भएको मितिले....... (...) दिनभित्र यस मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय/निकायमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np)बाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची-२
## (दफा ७ सँग सम्बन्धित)
## प्रस्ताव पेश गर्ने निवेदन ढाँचा

मिति :.............................

श्रीमान सचिव ज्यू,
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश मुकाम: वुटवल।

**विषय :- प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

म/हामी सहकारीहरुबाट नवीनतम सोचसहितका रोजगारी र उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रमअनुसार मन्त्रालयको मिति ......................... को.................................. सूचनाको आधारमा अनुसूची-२ वमोजिमको प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी आवश्यक अनुदानका लागि यो निवेदन पेश गरेका छु/छौं।

**संलग्न कागजात :**

१.
२.
३.

निवेदक
नाम :
पद :
ठेगाना :
मोबाइल नं. :
सहकारी संस्थाको नाम :
सहकारी संस्थाको छाप :

**अनुसूची-३**

**(दफा ७ सँग सम्बन्धित )**

**आयोजना प्रस्तावनाको (व्यवसायिक योजना)को ढाँचा**

(१) आयोजना र सम्पर्क व्यक्ति सम्वन्धी विवरण:-

| आवेदकको विवरण | |
|---|---|
| नाम थरः | |
| स्थायी ठेगानाः | |
| सम्पर्क नं. | |
| इमेल ठेगानाः | |
| प्रस्तावित आयोजनाको नाम | |
| सहकारीको नाम र ठेगाना | |
| मूल उद्धेश्य | |
| प्रस्तावित आयोजनाको कूल लागत रु. | |
| मन्त्रालयमा माग गरिएको रकम रु. | |
| सम्बन्धित सहकारीले ब्यहोर्ने रकम रु. | |

(२) **प्रस्तावित आयोजना सम्बन्धमा** (**आयोजनाको विवरण**)

| |
|---|
| १. आयोजनाको नाम: |
| २. उद्देश्य: |
| क |
| ख |
| ग |
| ३. आयोजनाको सारांश (२०० शब्द) |
| ४. आयोजनाको परिचय (Introduction) |
| ५. आयोजनाको डिजाइन र विधि(Project Design andMethodology) |
| ६. आयोजना संचालन हुने स्थान र यसको औचित्य(Project Site and itsJustification) |
| ७. लाभान्वित जनसंख्या (Beneficiary Population) |
| ८. प्रस्तावित आयोजनाको गतिविधिहरु ([illegible]) |
| |
| ९. आयोजनाको जोखिम (Risks of the project) |
| १०. पर्यवेक्षण र निगरानीको लागि योजन (Plan for Supervision and Monitoring) |
| ११. आयोजनाको मापन योग्य अपेक्षित उपलब्धिः क्षेत्र विस्तार, उत्पादन, उत्पादकत्व, आम्दानी, रोजगारी सृजना, प्रविधि हस्तान्तरण र प्रसार (Measurable output of the project) |

## ३) आयोजना संचालनको लागि आर्थिक प्रस्ताव

| खर्चको किसिम अनुसार आयोजनाको कुल लाग | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्रियाकलाप | लागत विबरण | | | | | |
| | | इकाई | परिमाण | दर | जम्मा | मन्त्रालयले ब्यहोर्ने रु. | आवेदकले ब्यहोर्ने रु. |
| क | पुंजीगत | | | | | | |
| | | | | | | | |
| ख | चालु | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा रु.** | | | | | | |

**स्वघोषणा (DECLARATION)**

म यसैमार्फत प्रमाणित गर्छु कि माथि उल्लेखित विवरणहरु सही छ । मैले मन्त्रालयको कार्यक्रमको उद्धेस्य पढेको र बुझेको छु र सबै सन्दर्भमा सोही अनुसारको कार्य गर्नेछु। यदि यस प्रस्तावको लागि मलाई अनुदान दिइन्छ भने, म कार्ययोजना अनुरुपका कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नेछु । म/हाम्रो संस्थाले विगत दुई आर्थिक वर्षभित्र कुनै पनि प्रकृतिको नगद तथा वस्तुगत अनुदान प्राप्त गरेको छैन/छैनौं। झुठा ठहरे कानून बमोजिम सहुला, बुझाउला ।

आवेदक को हस्ताक्षर .....................................

नाम.....................................

**अनुसूची-४**
**(दफा ७ सँग सम्बन्धित )**
**<u>प्रस्तावसाथ पेश गर्नुपर्ने कागजात</u>**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२. संस्था नविकरणको प्रतिलिपि,
३. संस्थाको स्थाई लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
४. लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६. सहकारी संस्थाको निर्णय प्रतिलिपि,
७. कार्यक्रमको कम्तिमा ३ बर्षको ब्यबसायिक योजना,
८. निबेदन तथा प्रस्ताव क्रमशः अनुसूची-२ र अनुसूची-३ अनुसार,
९. सहकारी संस्था दर्ता भएको कम्तीमा एक पुगेको हुनुपर्ने,
१०. तराईको हकमा कम्तीमा २०० सेयर सदस्य र पहाडको हकमा कम्तीमा १०० सेयर सदस्य संख्या हुनुपर्ने,
११. कार्यक्रम माग गर्ने सहकारी कृषि वा बहुउद्देश्यीय सहकारी हुनुपर्ने,
१२. आफ्नै जग्गा भएमा जग्गा धनी प्रमाण पुर्जा नभएमा कम्तीमा ५ वर्षको लागि जग्गा प्रासिको करार/सम्झौता पत्र,
१३. आफैले लगानी गर्ने रकमको लगानीका लागि सुनिश्चितको प्रमाण।

## अनुसूची-५

## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित )

## <u>सम्झौता-पत्र</u>

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय मार्फत सञ्चालन गरिने आ.व. ............ को स्वीकृत नवीनतम सोच सहितका रोजगारी र उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रम सञ्चालन गर्न ............................................ (यस पछि प्रथम पक्ष भनिएको) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ............................ (यस पछि दोश्रो पक्ष भनिएको) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक अर्को पक्षले लियौं दियौं।

१. यो सम्झौता पत्र ....................................... (प्रथम पक्ष) र ..................... ...................(दोश्रो पक्ष) बीच नविनतम सोच सहितका रोजगारी तथा उत्पादनमा आधारित कार्यक्रम संचालन सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिने छ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ....... दिनभित्र शुरु गर्नु पर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्न उपलब्ध भएपछि मात्र गराउने छ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिँदा कार्यक्रम कार्यान्वयन समितिको सिफारिसको आधारमा गरिनेछ। दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा मन्त्रालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउनेछ।

७. कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोश्रो पक्षले लिनु पर्नेछ।

८. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोश्रो पक्षबाट लिनु पर्नेछ।

९. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१०. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ।

..............................

प्रथम पक्षका तर्फबाट

हस्ताक्षरः

नामः

पदः

मितिः

.................................

दोश्रो पक्षका तर्फबाट

हस्ताक्षरः

नामः

पदः

मितिः

साक्षी

साक्षी